# उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धि कार्यविधी २०७९

## मोलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्राप्चा, ओखलढुङ्गा ।

विधेयक समिति वाट स्वीकृत मिति २०७९/०५/१०

# प्रस्तावना

सार्वजानिक खरिद सम्बन्धी प्रक्रियामा उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागीता अभिबृद्धी गरी रोजगारी सिर्जना गर्ने तथा स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धि कार्यलाई सञ्चालन गर्ने ध्येयले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी मोलुङ गाउँपालिका गाउँकार्यपालिकाको स्वीकृतीमा यो कार्यविधी जारी गरिएको छ ।

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि २०७९

वर्क चार्ज स्टाफ खर्च,सानातिना अन्य खर्च, मूल्य अभिवृद्धी कर समावेश भएको रकम सम्झनु पर्दछ।

ट) "लागत सहभागिता" भन्नाले आयोजनामा लाभग्राही समुदायले गर्ने नगद, वस्तुगत र श्रम सहभागितालाई जनाउँदछ।

ठ) "वडा कार्यालय" भन्नाले मोलुङ गाउँपालिका भित्रका सम्पुर्ण वडा कार्यालयलाई सम्झनु पर्दछ।

ड) "सम्झौता" भन्नाले लागत अनुमान बमोजिम संरचनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कवुलियतनामालाई सम्झनु पर्दछ।

ढ) "स्थानीय तह" भन्नाले मोलुङ गाउँपालिकालाई सम्झनु पर्दछ।

ण) "श्रममूलक कार्य" भन्नाले स्थानीय स्रोत, साधन र सिप प्रयोग भई स्थानीय स्तरमा स्थानीय व्यक्तिबाट नै गराउन सकिने र सामान्य किसिमको मेसिन वा उपकरण प्रयोग गर्न सकिने तर हेभी ईक्वीपमेन्ट प्रयोग गर्न नपर्ने कार्य सम्झनु पर्दछ।

३. उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने रकमको सिमा : (१) रु विस लाख लागत अनुमान सम्मको निर्माण कार्य उपभोक्ता समिति बाट गराउन वा सो सम्बन्धी सेवा लिन सकिनेछ। तर कुललागत अनुमानको अनुसूची १ मा व्यवस्था भए अनुरुप श्रममुलक कार्य भएको हुनुपर्नेछ।

(२) स्थानीय स्रोत साधन र सिपको उपयोग हुने स्थानीय स्तरमा कार्यसम्पादन हुने र स्थानीय रोजगारी सिर्जना हुने आयोजना उपभोक्ता समिति मार्फत गर्न सकिने छ।

(३) ठूला मेसिनरी तथा उपकरण प्रयोग गर्नुपर्ने बाध्यात्मक स्थिती रहेको अवस्थामा सो को प्रयोग हुने कार्य, बापत खर्च लागत अनुमानको तिस प्रतीशत भन्दा बढी हुने गरी राख्न पाईने छैन, सोभन्दा बढी खर्च हुने भएमा त्यस्तो कार्य उपभोक्ता समिति मार्फत गराउन पाईने छैन।

(४) कुनै सामान वा निर्माण सामग्री मात्र आपुर्ती गर्ने गरी उपभोक्ता समिति मार्फत कार्य गराउन पाईने छैन।

४. यस कार्यविधिको पालना : यस कार्यविधिको पालना मोलुङ गाउँपलिका गाउँकार्यपालिका अन्तर्गतका निकाय र उपभोक्ता समितिले गर्नु पर्नेछ।

५. उपभोक्ता समिति वा लाभग्राही समुदाय बाट निर्माणकार्य गराउन सकिने अवस्था : उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययीता,गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउन वा सो सम्बन्धि सेवा लिन सकिनेछ।

## परिच्छेद – २

## उपभोक्ता समितिको गठन र सञ्चालन

६. <u>उपभोक्ता समितको गठन विधीः</u>– दफा ३ को उपदफा १,२ र ३ बमोजिमको परीधिमा रही उपभोक्ता समिति मार्फत कार्य गराउने अवस्था भएमा गाउँपालिका आफैं वा सम्बन्धित वडा कार्यालयमार्फत देहाए बमोजिम उपभोक्ता समिति गठन गर्नु गराउनुपर्नेछ।

१. उपभोक्ता समितिको गठन उपभोक्ता वा लाभग्राही समुदायको आम भेलाबाट उपभोक्ताको अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमै सात वा नौ वा एघार सदस्य भएको उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

२. उपभोक्ता समितिको गठन गर्दा आयोजना रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको सम्बन्धित वडाको वडा सदस्यको रोहवरमा गर्नु पर्नेछ। आयोजनाको कार्यक्षेत्र तथा सो बाट प्रासहुने लाभ एक भन्दा बढी स्थानीय तह भएमा यस्ता सरोकारवाला सबै स्थानीय तहले आ– आफ्नो क्षेत्रको उपभोक्तालाई उपस्थितिको लागि जानकारी गराउनेछ साथै समिति गठनका वखत आफ्नो प्रतीनिधी पठाउनु पर्नेछ। तर सम्बन्धित स्थानीय तह वा वडा कार्यालयले सञ्चालन गर्ने आयोजनाको हकमा तत् / तत् निकायनै सार्वजानिक निकाय हुनेछ ।

३. समितिको गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेलाहुने मितिले कम्तिमा तीन (३) दिन अगावै सार्वजानिक रुपमा जानकारी गराउनु पर्नेछ । तर उक्त आयोजना बाट प्रासहुने लाभ एक भन्दा बढी स्थानीय तह भएमा कम्तिमा सात (७) दिन अगावै सार्वजानिक रुपमा जानकारी गराउनु पर्नेछ ।

४. उपभोक्ताको आम भेलाले आफुहरु मध्येबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्यहुने गरी उपदफा एक अनुसार संख्यामा पदाधिकारी रहनेगरी उपभोक्ता समिति गठन गर्नु पर्नेछ। तर कुल पदाधिकारी संख्याको कम्तिमा ३३ प्रतीशत महिला पदाधिकारी अनिवार्य हुनु पर्नेछ।

५. एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिमा वस्न पाउने छैन।

६. एकासगोल परिवार बाट एउटै आयोजनामा एक जना भन्दा बढी व्यक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैन।

७. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसहमत तरिकाले गर्नुपर्नेछ।सर्वसहमत हुन नसकेमा उपस्थित उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

८. उपभोक्ताको लागत सहभागीतामा सञ्चालन हुने आयोजना मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गराउन प्रथामिकता दिनु पर्नेछ।

९. मोलुङ गाउँपालिका बाहेकको निकाय बाट कार्यक्रम कार्यान्वयन हुने गरि उपभोक्ता समिति गठन भएको हकमा उपभोक्ता समिति गठन गराउने निकायले दफा ९ को उपदफा (१) बमोजिम यस स्थानीय

तहमा दर्ता गरी दर्ता भएको मितिले सात दिन भित्र सम्बन्धित सार्वजानिक निकायमा सो सम्बन्धि जानकारी सहितको पत्र पठाउनु पर्नेछ।

७. <u>उपभोक्ता समितिका सदस्यताको योग्यताः</u> (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनुपर्नेछ –

(क) सम्बन्धित आयोजना क्षेत्रमा वसोवास भएको,

स्पष्टिकरणः यस उपदफामा बसोबास भएको भन्नाले कुनै व्यक्ति वा परिवारको आफ्नै घर वा जगगा भएकोलाई बुझाउँदछ र वहालमा बसोबास गरेको व्यक्तिलाई यसमा समावेश गरीएको छैन।

(ख) १८ वर्ष पुरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको,

(घ) सरकारी बाँकी बक्यौता र पेश्की फछ्यौट गर्न बाँकी नरहेको,

(ङ) उस्तै प्रकृतिको अन्य उपभोक्ता समितिको पदाधिकारी नरहेको,

(च) दफा ८ बमोजिम स्वार्थ नबाझिने व्यक्ति वा पदाधिकारी।

८. <u>स्वार्थ बाझिनेः</u> देहाय बमोजिमका व्यक्ति वा पदाधिकारी उपभोक्ता समितिको सदस्यको रुपमा कार्य गर्दा स्वार्थ बाझिएको बुझिनेछः–

(क) निर्वाचित जनप्रतीनिधी, राजनितिक दलको कुनै पनि तहको समितिको प्रमुख पदाधिकारीहरु,

(ख) बहालवाला सरकारी कर्मचारी, सुरक्षा निकायका कर्मचारी र शिक्षक,

(ग) निर्माण व्यावसायी।

९. <u>उपभोक्ता समितिको दर्ताः</u> (१) उपभोक्ता समिति गठन भए पश्चात् सम्बन्धित स्थानीय तहले त्यस्तो समितिलाई दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ। स्थानीयतहले यसरी दर्ता गरेको उपभोक्ता समितिको विवरण वार्षिक रुपमा अध्यावधिक गर्नु पर्नेछ। यसरी दर्ता भएको उपभोक्ता समिति पुनः अध्यावधि हुन आएमा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा अध्यावधिक गरिदिनु पर्नेछ।

(२) आयोजनाको कार्यक्षेत्र तथा सो बाट प्राप्त हुने लाभ एकभन्दा वढि स्थानीय तह भएमा त्यस्ता आयोजनाबाट प्रत्यक्ष लाभान्वित भएको स्थानीय तहले समन्वय गरी सोही स्थानीय तहमा उपभोक्ता समिति दर्ता र अध्यावधिक गर्नुपर्नेछ।

(३) सम्बन्धित सार्वजानिक निकायले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराईएको विवरण वार्षिक रुपमा अनुसूची २ मा उल्लेख भए बमोजिम सूचीकरण गरी राख्नु पर्नेछ।

१०. <u>सार्वजानिक निकायको काम, कर्तव्य र अधिकारः</u> उपभोक्ता समिति मार्फत कार्य गराउने सम्बन्धमा सार्वजानिक निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) आयोजना सम्बन्धि जानकारी उपभोक्तालाई गराउने,

(२) उपभोक्ता समितिका लागि निर्धारीत ढाँचामा लागत अनुमान तयार गरी सोको वर्गिकरण गर्ने,

(३) लाभग्राहीको समन्वयमा उपभोक्ता समिति गठन गराउने,

(४) आयोजनाका लागि प्राविधिक सहयोगको व्यवस्था मिलाउने,

(५) उपभोक्ता समिति सम्बन्धि अभिलेख सूचिकरण गरी राख्ने,

(६) उपभोक्ता समितिको कार्यसम्पादन मुल्याङ्कन गर्ने,

(७) आयोजनाको अनुगमन र मुल्याङ्कन गर्ने,

(८) उपभोक्ता समितिलाई प्रतीवेदन बनाउन सहयोग गर्ने,

(९) सामाजिक परीक्षण गराउन उपभोक्ता समिति/लाभग्राही समुदायलाई सहयोग गर्ने,

(१०) उपभोक्ता बाट भएको सहभागिता (नगद, जिन्सि, श्रमदान) को अभिलेख राख्ने,

(११) महिला, अपाङ्गता भएका व्यक्ति तथा वन्चितिकरणमा परेका समुदायको उपभोक्ता समितिमा सहभागिता सुनिश्चित गराउन पहल गर्ने,

(१२) वातावरणीय अध्ययन गर्नुपर्ने भए सो आयोजनाको हकमा प्रचलित कानुन वमोजिम गर्ने गराउने।

११. गाउँपालिकाको काम कर्तव्य र अधिकारः उपभोक्ता समिति मार्फत कार्य गराउने सम्बन्धमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

(१) सम्बन्धित सार्वजानिक निकायवाट उपभोक्ता समिति मार्फत कार्य गराउने सम्बन्धमा अनुरोध भई आएमा आयोजना क्षेत्रको वास्तविक लाभग्राही समुदायको उपस्थितिमा उपभोक्ता समिति गठन गर्ने गराउने।

(२) गाउँपालिका नै सार्वजानिक निकाय भई उपभोक्ता समिति मार्फत कार्य गराउने भए सम्बन्धित कार्यपालिका वा वडा कार्यालय मार्फत उपभोक्ता समिति गठन गर्ने गराउने।

(३) सार्वजानिक निकाय र उपभोक्ता समिति विच कुनै विवाद सिर्जना भई आपसी सहमतीबाट विवाद समाधान नभए मध्यस्थता गरी विवाद समाधान गर्ने । तर सम्बन्धित सार्वजानिक निकाय आफैले सार्वजानिक निकायको रुपमा कार्य गराउँदा उपभोक्ता समितिसँग कुनै विवाद भए कार्यान्वयन गर्ने एक तह माथिबाट समाधान गर्ने।

(४) गाउँपालिका क्षेत्राधिकार भित्र गठन भएको उपभोक्ता समिति दर्ता गर्ने। वार्षिक रुपमा उपभोक्ता समितिको सूचि अध्यावधिक गर्ने गराउने।

(५) उपभोक्ता समिति मार्फत भइरहेको कार्यमा दोहोरो पर्ने गरी एक भन्दा बढी निकाय बाट बजेट विनियोजन भई कार्य भइरहेको छ, छैन अनुगमन गर्ने र दोहोरो रुपमा बजेट प्रयोग भइरहेको जानकारी पाए दोहोरो नपर्ने गरी कार्य गर्न सम्बन्धित सार्वजनीक निकायमा अनुरोध गर्ने र यसरी काम गर्ने उपभोक्ता समितिको दर्ता खारेज गरी सम्बन्धित निकायलाई जानकारी गराउने।

१२ <u>उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार:</u> उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) आयोजना सञ्चालनका लागि सम्बन्धित निकायसँग आयोजनाको सम्झौता गर्ने र सम्झौता बमोजिम कार्य सम्पादन गर्ने ।

(२) सम्झौताका सर्त तथा महत्व बारे उपभोक्तालाई जानकारी गराउने तथा उपभोक्तालाई गाउँपालिका बाट प्राप्त सुचना तथा मार्गदर्शनको जानकारी गराउने।

(३) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरु बिच कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने।

(४) औजार तथा निर्माण सामाग्रीको समुचित भण्डारण र व्यवस्थापन गरि मितव्ययी तवर बाट कार्य सम्पादन गर्ने।

(५) बढि भन्दा बढि रोजगारी सिर्जना गर्ने गराउने गरि कार्य गर्ने।

(६) बजेट खर्चमा मितव्ययीता र पारदर्शिता कायम गर्ने।

(७) आयोजना सञ्चालनमा आवश्यक जनसहभागीता जुटाउन पहल गर्ने तथा लागत सहभागीताको हिसाव स्पस्ट रुपमा (नगद, जिन्सी, श्रमदान) खुलाई आयोजना खातामा अध्यावधिक राख्ने।

(८) आयोजना कार्यान्वयनकको क्रममा आएका समस्याहरु आपसमा छलफल गरि समाधान गर्ने तथा उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गराउने।

(९) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु परेमा गाउँपालिकालाई अनुरोध गर्ने ।

(१०) सार्वजानिक परिक्षण, सार्वजानिक सुनुवाई जस्ता कार्यहरु गरी जवाफदेहिता र पारदर्शीता कायम गर्ने ।

(११) गाउँपालिकाले तयार गरेको वेरोजगार व्यक्तिहरुको सूचिमा सूचिकृत व्यक्तिहरुलाई श्रमिकको रुपमा काममा खटाउन प्रथामिकता दिने ।

(१२) आवश्यकता अनुसार कामदार एवम् निर्माण सामाग्रिहरुको कार्य योजना बनाई प्रयोग गर्ने तथा आवधिक साथै पूर्णरुपमा सम्पन्न भएको कामको नापि किताव राख्ने ।

(१३) पर्यवेक्षक अनुगमन कर्ताबाट प्राप्त सुझावहरुको अभिलेख राख्ने र कार्यान्वयनमा ध्यान दिने ।

(१४) सम्बन्धित प्राविधिकलाई आयोजनाको विभिन्न पक्षको बारेमा अवगत गराउने र अनुगमनका लागि अनुरोध गर्ने।

(१५) नियमित रुपमा अध्यावधिक प्रगती प्रतीवेदन तयार गरी गाउँपलिकामा पठाउने ।

(१६) नियमित रुपमा उपभोक्ता समितिको वैठक बोलाई सम्भव भएसम्म गाउँपलिकाका प्रतीनिधिहरु समेतको सहभागितामा आयोजनाको समिक्षा गर्ने तथा खर्च सार्वजानिक गर्ने।

(१७) वैठक बाट आयोजनाको प्रगती मुल्याङ्कन खर्च अनुमोदन गरीसकेपछी प्राविधिक बाट भएको नापजाँचका आधारमा गाउँपालिकामा भुक्तानिको लागि आवश्यक कागजात सहित अनुरोध गर्ने ।

(१८) निर्माण कार्य सम्पन्न गरी समयमै गाउँपालिकासँग आयोजनाको हिसाव फर्छ्यौट र फरफारक गर्ने।

(१९) सम्पन्न योजनाको स्थानान्तरण भएपछि आयोजनाको उपभोग, सञ्चालन, दिगो व्यवस्थापन र मर्मत सम्भारको लागि व्यवस्था मिलाउने।

१३. <u>अनुगमन समितिको व्यवस्था:</u> (१) आयोजनाको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चीत गर्न दफा ७(१) बमोजिमको भेलाबाट सम्बन्धित आयोजना क्षेत्रको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य संयोजक रहनेगरी कम्तिमा १ जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गर्नुपर्नेछ । तर अनुगमन समितिको सदस्य हुन दफा ७ अनुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र नगरेको पाईएमा सम्बन्धित पक्षलाइ सचेत गराउने,

(ग) योजना अनुगमन प्रतीवेदन तयार गर्ने तथा योजनाको अनुगमन तथा सुपरिवेक्षण गरि प्रतीवेदन सहित आयोजना फरफारकका लागि निर्णय गर्ने,

(घ) आवश्यक अन्य कार्य गर्ने ।

## <u>परिच्छेद– ३</u>

## <u>कार्यान्वयन तथा व्यवस्थापन</u>

१४. <u>डिजाईन, लागत अनुमान स्विकृत गर्नुपर्ने:</u> (१) गाउँपालिकाले उपभोक्ता समितिबाट गराउने निर्णय गरको प्रस्तावित आयोजनाको डिजाईन, नक्सा, लागत अनुमान लगाएतको विवरण तयार गर्न लगाई स्विकृत गरेको हुनुपर्नेछ। सो लागत अनुमान तयार गर्दा कर लाग्ने र कर नलाग्ने कार्य वा सामग्रीको विवरण छुट्टीने गरी तयार गर्नु पर्नेछ साथै सो कार्य वा सामग्री मध्ये श्रममुलक कार्यको बारेमा समेत उल्लेख भएको हुपर्नेछ ।

(२) आयोजनाको डिजाईन, नक्सा, लागत अनुमान लगाएतको विवरण तयार गर्दा कुल विनियोजित रकमको कन्टिन्जेन्सी वापत ४ प्रतीशत तथा मसलन्द वापत १ प्रतीशतले हुँन आउने रकम घटाइ तयार गर्नु पर्नेछ।

(३) उक्त विवरण सकभर नेपाली भाषामा तयार गरि उपभोक्ता समिति गठन भएपछि सो समितिलाई दिनु पर्नेछ। यदि अङग्रेजी भाषामा तयार भएको भए मुख्य/मुख्य बुँदा नेपालीमा अनुवाद गरिदिनु पर्नेछ।

(१५) <u>सम्झौता तथा कार्यदेश लिनुपर्ने:</u> (१) यो कार्यविधिमा तोकिएको प्रक्रिया पुरा गरी अनुसूची ३ वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदाय र कार्यालय बिच आयोजना सम्झौता गरी कार्यदेश लिनुपर्नेछ ।

(२) उपदफा १ वमोजिम आयोजना सम्झौता भई कार्यदेश नपाएको कुनै पनि आयोजना वा सार्वजानिक खरिद प्रक्रियामा स्थानीय सरकार वा गाउँपालिका जवाफदेही हुन वाध्य हुने छैन। यस्तो प्रकृतिको आयोजना वा खरिद प्रक्रिया स्थानीय सरकार मातहतको मानिने छैन। तर प्रदेश सरकार वा संघिय सरकार वा मातहतका कार्यालय वा नेपाल सरकारको मान्यता प्राप्त संघ संस्था र उपभोक्ता समिति वा लाभग्राही समुदाय बिच सम्झौता भई सो आयोजनाको रेखदेख तथा अनुगमन मुल्याङ्कन गर्न भनि सम्बन्धित कार्यालय बाट लेखि आएमा उक्त आयोजना उपदफा १ बमोजिम सम्झौता भएको मानिने छ ।

(३) आयोजनाको प्रकृति हेरी उपभोक्ता समितिले व्यहोर्नुपर्ने लागत सहभागिता (नगद वा श्रमदान वा वस्तुगत) अनुसूची -४ मा उल्लेख गरे बमोजिम सम्झौतामा उल्लेख गरी सो बमोजिम लागत सहभागिता सुनिश्चित हुने व्यवस्था उपभोक्ता समितिले गर्नुपर्नेछ।

(१६) <u>उपभोक्ता समितिले आयोजना सम्झौता गर्न आउदा पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

(१) आयोजना बाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारहरु वा लाभग्राही समुदायको आम भेलाबाट उपभोक्ता तथा अनुगमन समिति गठन सम्बन्धि निर्णयको प्रतीलिपी दुई प्रती,

(२) उपभोक्ता समिति दर्ता प्रमाण पत्रको प्रतीलिपी दुई प्रती,

(३) आयोजना सम्झौता तथा खाता सञ्चालन सम्बन्धमा उपभोक्ता समितिको निर्णय दुई प्रती,

(४) उपभोक्ता समितिका पदाधिकारिहरुको नागरीकताको प्रतीलिपि एक/एक प्रती,

(५) स्वीकृत भएको डिजाईन, लागत अनुमान तीन प्रती

(६) वडा कार्यालय वा गाउँपालिकाको आयोजना सम्झौता सम्बन्धि सिफारिस पत्र,

(७) उपभोक्ता समितिको आयोजना सम्झौता सम्बन्धि हस्तलिखित निवेदन एक प्रती,

(८) खाता सञ्चालन गरि आयोजना सञ्चालन गर्नुपर्ने भएमा खाता सञ्चालनको वडा कार्यालय वा गाउँपालिकाको सिफारिस, खाता सञ्चालन सम्बन्धमा उपभोक्ता समितिको निर्णयको प्रतीलिपि र उपभोक्ता समितिको आयोजनाको खाता सञ्चालन सम्बन्धि हस्तलिखित निवेदन।

(१७) <u>उपभोक्ता समितिको क्षमता विकास:</u> गाउँपालिकाले दफा १५ वमोजिम आयोजना सम्झौता तथा कार्यदेश पाईसके पछी कार्य सुरु हुनु भन्दा अगावै उपभोक्ता समितिका पदाधिकारिलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ।

१. उपभोक्ता समितिको काम कर्तव्य र अधिकार र सम्झौतामा उल्लेखित विषयहरु,

२. सम्पादन गर्नु पर्ने कामको विवरण, कार्य सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान

३. निर्माण सामग्रीको गुणस्तर र परिमाण गुणस्तर परिक्षण हुने विषय,

४. खरिद विधि, सामाग्री पाईने स्थान, रकम निकासा प्रक्रिया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन,

५. योजना कार्यान्वयन र अनुगमन प्रक्रिया,

६. सार्वजानिक परिक्षण, योजनाको फरफारक र हस्तान्तरण,

७. प्रयोग हुने मेशिन उपकरण र तिनको प्रयोग गर्ने तरीका (ठुला मेशिनरी तथा उपकरण बाहेक)

८. रोयल्टी, अग्रीम आयकर, मूल्य अभिवृद्धी कर, बहाल कर लाग्ने सामाग्री तथा उपकरण र तिनको दर तिर्नुपर्ने दायित्व

९. विमा गराउनु पर्ने भए सो विषय तथा अन्य विषय

१०. अभिलेख व्यवस्थापन (आयोजना खाता)

११. पारदर्शिता सम्बन्धी विषय

१२. अन्य आवश्यक विषयहरु।

(१८) <u>सम्झौता अवधि संसोधनः</u> (१) उपभोक्ता समितिसँग सम्झौताभई सकेपछि कार्यान्वयनका क्रममा काबु बाहिरको परिस्थिति सिर्जना भई सम्झौता बमोजिमको समयमा काम सम्पन्न नहुने देखिएमा उपभोक्ता सिमतिले म्याद सकिन कम्तिमा १५ दिन अगावै कार्य रेखदेख गर्ने प्राविधिकको सिफारिस तथा उपभोक्ता समितिको म्याद थपको निणय सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) भईसकेको कामको विवरण, बाँकि रहेको काम, तोकिएको समयमा कार्य सम्पन्न नहुनुको कारण, म्याद थप गर्नु पर्ने औचित्य समेत खोली निवेदन पेश गर्नुपर्नेछ।

(३) म्याद थपको लागि निवेदन पेश भएपछि सम्बन्धित सार्वजानिक निकायले थप आर्थिक व्यायभार नपर्ने गरि रितपुर्वक म्याद थपको प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

(४) यस दफाको उपदफा (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अर्को आर्थिक वर्षमा सम्पन्न हुने गरी म्याद थप गर्न पाईने छैन ।

## परिच्छेद– ४
## आर्थिक व्यवस्थापन

(१९) उपभोक्ता समितिको आर्थिक कारोवार सञ्चालन विधि: (१) उपभोक्ता समितिको खाता सम्बन्धित तहले तोकेको बैंकमा सञ्चालन हुनेछ।

(२) उपभोक्ता समितिको खाता सो समितिको अध्यक्ष, उपाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा सञ्चालिन हुनेछ।

(२०) भुक्तानी प्रक्रिया: (१) उपभोक्ता समितिलाई गाउँपालिकाले आयोजनाको रकम भुक्तानी दिंदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ। यसरी रकम भुक्तानी गर्दा निर्माण कार्य वा सेवामा भएको खर्चमा उपभोक्ता समितिले व्यहोर्ने लागत सहभागिताको अंश कट्टा गरी भुक्तानी दिनु पर्नेछ। उपभोक्ता समितिले व्यक्ति वा संस्थालाई रु पचास हजार भन्दा माथी भुक्तानि दिँदा अनिवार्य रुपमा चेक वा अनलाईन प्रणाली मार्फत भुक्तानी दिनु पर्नेछ।

(२) उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको कामका लागि सम्झौता गर्दाका वखत नै लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी रकम बाहेकको रकममा सम्झौता गर्नुपर्नेछ।

(३) उपभोक्ता समितिले लागत अनुमानमा उल्लेख गरे बमोजिम कुनै मेशिनरी, औजार, उपकरण भाडामा लिई प्रयोग गरेको रहेछ भने त्यस्तो मेशिनरी औजारमा प्रयोग हुने ईन्धन, ज्याला तथा मर्मत खर्च कटाई भाडा निर्धारण गर्नु पर्नेछ। त्यस्तो भाडा निर्धारण भएपछी उपभोक्ता समितिले भाडा वापतको विल प्राप्त गरी संलग्न गर्नुपर्नेछ र त्यस्तो विलमा प्रचलित नियम अनुसार भाडा कर लाग्नेछ। भाडा कर कटाएर मात्र उपभोक्ता समितिले त्यस्तो वहाल वालालाई भुक्तानि दिनुपर्नेछ।

(४) सार्वजानिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामका लागि मोलुङ गाउँपलिकाले निर्धारण गरेको योग्यता पुगेको प्राविधिक उपभोक्ता समिति आफैले नियुक्ति गर्न सक्नेछ। यसरि नियुक्ती भएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक गाउँपालिकाले उक्त आयोजनाको लागि छुट्टाएको कन्टिन्जेन्सीबाट खर्च व्यहोर्नेछ। तर त्यस्तो पारिश्रमिक लागत अनुमानको दुई प्रतीशत भन्दा वढि हुने छैन।

(५) खरिद सम्झौता भईसके पछी सार्वजानिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई कामको प्रकृति र सम्झौताको आधारमा रु ५ लाख भन्दा माथी लागत अनुमान भएको आयोजनाको मात्र सम्झौता रकमको बढिमा तीस प्रतीशत सम्म अग्रिम रुपमा पेश्की दिन सक्नेछ। सार्वजानिक निकायले यसरी दिएको पेश्की आयोजनाको अन्तिम किस्ता भुक्तानी गर्नु अघी फछ्यौट गरी सक्नुपर्नेछ। तर सार्वजानिक निकायले कार्य वातावरणको उचित प्रबन्ध गरि साधन सदुपयोग, आर्थिक अनुशासनको पालना र समुदाय परिचालन जस्ता पक्षलाई ध्यान दिई पेश्की शुन्य नीति लगायतका अन्य नियन्त्रणका उचित प्रवन्धहरु गर्न सक्नेछ।

(६) उपभोक्ता समितिले गरेको कार्यमा कुनै त्रुटी रहेको भएमा सम्बन्धित प्राविधिकले समयमा नै उपभोक्ता समितिलाई त्यस्तो त्रुटि सच्याउन सुझाव दिनुपर्नेछ। सम्बन्धित प्राविधिकले कामको मूल्याङ्कन गर्दा र कार्यसम्पन्न प्रतीवेदन प्रमाणित गर्दा सम्झौतामा उल्लेखीत शर्त अनुसार गुणस्तर कायम भएको व्यहोरा सुनिश्चित गर्नुपर्नेछ। कुनै त्रुटी सच्याउनका लागि प्राविधिकले दिएको सुझाव उपर उपभोक्ता समितिले छलफल गरि कार्य गर्नुपर्नेछ।

(७) सार्वजनिक निकायबाट भुक्तानीको क्रममा कामको मूल्याङ्कन गर्दा मालसामान वा निर्माण सामग्री खरिद गरेको वा साईटमा ल्याएको कामको मात्र मूल्याङ्कन गरी भुक्तानी गर्न पाइने छैन।

(८) उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल, भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात, आयोजना खातामा अभिलेख राखी उपभोक्ता सिमितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ।

(९) दफा १४ अनुसार आयोजनाको स्वीकृत डिजाईनमा फरक पारी कार्यसम्पन्न गरेको अवस्थामा भुक्तानी दिन कार्यालय वाध्य हुने छैन।

स्पस्टिकरणः डिजाइनमा फरक भन्नाले आयोजनामा प्रयोग गरिएको सामाग्री वा कच्चा पदार्थ समेतलाई जनाउने छ।

(२१) <u>आम्दानी खर्चको अभिलेख राख्नेः</u> उपभोक्ता समितिले अनुसूची ४ मा रहेको ढाँचामा सार्वजनिक परिक्षण फारम भरी आम्दानी र खर्चको संक्षिप्त विवरण तयार गरि सार्वजनिक गर्नुपर्ने र सोको विवरण सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ। यस्तो विवरण उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ र सो विवरण सम्बन्धि जवाफदेहिता समितिका सवै सदस्यहरुको हुनेछ।

(२२) <u>लेखापरिक्षण र बेरुजुः</u> (१) उपभोक्ता समितिबाट भएको कामको सार्वजनिक निकायले लेखापरीक्षण गराउनु पर्छ। लेखा परिक्षण प्रतीवेदनका सुझावको जानकारी गाउँपालिकाले उपभोक्ता समितिलाई समयमा नै जानकारी गराउनु पर्नेछ। उपभोक्ता समितिले सो व्यहोरा समितिमा छलफल गर्नु पर्नेछ। यस्तो सुझाव उपभोक्ताहरु विच गरिने सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता कार्यहरुका लागि मुख्य सूचना हुनेछ।

(२) लेखापरिक्षण प्रतीवेदनमा वेरुजु औल्याईएको भएमा त्यसको फछ्यौट गर्ने दायित्व गाउँपालिका र उपभोक्ता समिति दुवैको हुनेछ।

उपभोक्ता समिति वा सामुदायिक संस्था मार्फत निर्माण कार्य सञ्चालन सम्बन्धी कार्यविधी २०७८

## परिच्छेद– ५

## अनुगमन र सुपरिवेक्षण

(२३) <u>काम वा सेवाको अनुगमन र सुपरिवेक्षणः</u> (१) मोलुङ गाउँपालिकाले सम्बन्धित कार्यमा प्राविधिक सल्लाह दिने, नाँपजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण गर्ने कामहरु गर्न प्राविधिक खटाउनु पर्नेछ।

(२) उपभोक्ता समितिले गर्ने कामको गुणस्तर कायम गर्ने गरिने सुपरिवेक्षणका लागि देहाय बमोजिमको पालिका स्तरिय एक अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछः

| | |
|---|---|
| (१) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (२) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (३) लेखा शाखा प्रमुख | सदस्य |
| (४) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (५) गाउँकार्यपालिकाका पदाधिकारीहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तिमा एकजना महिला सहित दुई जना | सदस्य |
| (६) योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

(२४) <u>निर्माण कार्यको जाँचपास र फरफारकः</u> (१) उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि आयोजनाको लागि प्राप्त रकम र जनसहभागिता बाट व्यहोरिएको श्रम,नगद वा जिन्सि समेतको कुल खर्चको विवरण खुलाई अनुसूची ५ को ढाँचामा उपभोक्ताको भौतिक तथा वित्तीय प्रतिवेदन सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

(२) गाउँपालिकाले त्यसरी प्राप्त भएको विवरण तथा निवेदन उपर जाँचबुझ गरी जाँचपास गर्न प्राविधिक खटाउनु पर्नेछ र प्राविधिकले सम्पन्न निर्माण कार्य स्विकृत ड्रोईङ्ग, डिजाईन वा स्पेसिफिकेशन अनुसार भए नभएको जाँच गरी कार्य सम्पन्न प्रतीवेदन पेश गर्नु पर्नेछ।

(३) फरफारक सम्बन्धित निर्णय गाउँपालिका प्रमुखको तहबाट गर्नुपर्नेछ। यसरि निर्णय गर्दा निम्न कुराहरु सुनिश्चित भएको हुँनुपर्नेछ।

क) कार्य सम्पन्न प्रतीवेदन र नापि किताव तीन/तीन प्रती,

ख) उपभोक्ता भेला बाट सार्वजानिक सुनुवाई तथा खर्च सार्वजानिक र आयोजना फरफारक गर्ने सम्बन्धमा भएको निर्णय दुई प्रती,

ग) दफा १३ को उपदफा १ बमोजिमको अनुगमन समितिको आयोजना फरफारक उपयुक्त भएको सिफारिस वा निर्णय दुई प्रती,

घ) कार्य सम्पन्न भएको सुनिश्चित गर्ने आयोजना स्थलको फोटो दुई प्रती,

उपभोक्ता मार्फत सञ्चालन हुने सार्वजनिक निर्माण सम्बन्धी कार्यविधि २०७९

ङ) डोरहाजिर वा भरपाई मार्फत कामदार लाई भुक्तानि गरिएको भएमा उक्त कामदार प्रमाणित कागजातको प्रतिलिपी एक/एक प्रती,

च) रु पाँच लाख वा सो भन्दा माथीको आयोजना भए उक्त आयोजना स्थलमा राखिएको होडिङ बोर्डको फोटो दुई प्रती,

छ) सम्बन्धित आयोजना स्थलको वडा पालिका वा गाउँपालिकाको आयोजना फरफारकको सिफारीस पत्र।

(४) सम्पन्न भएका आयोजनाहरुको फरफारक गर्ने कार्यलाई व्यवस्थित गराउनका लागि गाउँपालिकाले आवश्यक ठानेमा उपयुक्त नीति वा प्रक्रियाको अवलम्वन गर्न सक्नेछ।

(५) सम्पन्न भएका आयोजनाको मर्मतसंभार र दिगो संचालनका लागि सम्बन्धित उपभोक्ता समितिले मर्मतसंभार समिति गठन गरी आयोजना हस्तान्तरण गर्न सक्नेछ।

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि २०७८

## परिच्छेद– ६

## विविध

(२५) पर्याप्त समयको आँकलन गर्नुपर्ने: उपभोक्ता समिति बाट कार्य गराँउदा आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने पर्याप्त समयको विचार गरी सम्झौता गरेकै आर्थीक बर्षमा सम्पन्न हुने गरी गाउँपालिकाले समय आँकलन गर्नुपर्नेछ।

(२६) अन्य संस्थाबाट कार्य गराउन सकिने: (१)यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य सामुदायिक संस्थाहरु बाट कार्य गराउन स्थानीय उपभोक्ता वा लाभग्राहि समुदायको आम भेलाबाट निर्माण भई आएमा त्यस्ता संस्थाबाट समिति बनाई यस कार्यविधि बमोजिम कार्य गराउन सकिनेछ।

यस उपदफा बमोजिम सामुदायिक संस्था भन्नाले सामुदायिक वन उपभोक्ता समुह, समुदायिक स्तरका सहकारी संस्था, टोल विकास संस्था, जल उपभोक्ता समूह, आमा समूह, कृषक समूह, विद्यालय व्यवस्थापन समिति वा कानुन बमोजिम गठन भएका अन्य सामुदायिक तथा संरक्षण समितिहरु सम्झनु पर्दछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गैर सहकारी संस्थाको रुपमा दर्ता भएका संस्थामार्फत उपभोक्ता समितिको कार्य गराउन सकिने छैन।

(२७) उपभोक्ता समितिको निरन्तरता: (१) सार्वजनिक निर्माण कार्यको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानुन बमोजिम दर्ता भएको वा सुचिकरण भएको अवस्थामा निरन्तर रहनेछ। यस्ता समितिको वार्षिक रुपमा नविकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न हुनेछ। अद्यावधिक गर्नका लागि सम्बन्धित उपभोक्ताको आम भेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनुपर्नेछ। अद्यावधिक गर्ने समयमा हुने आम भेलाले उपभोक्ता समिति पुनर्गठन गर्न सक्नेछ। तर उपभोक्ता समिति पुनर्गठन गर्नु पर्ने बाध्यत्मक अवस्था सिर्जना भएको खण्डमा यो दफाले रोक लगाएको मानिने छैन।

स्पस्टिकरण: "बाध्यत्मक अवस्था" भन्नाले पदाधिकारीको मृत्यु भएको, गम्भीर प्रकृतीको रोग लागेको तथा दफा ८ बमोनिम बमोजिम स्वार्थ बाझिएको अवस्थालाई जनाउदछ।

(२८) जिम्मेवारी र अभिलेख हस्तान्तरण: उपभोक्ता समिति पुनर्गठन हुँदाको अवस्थामा आर्थिक कारोवारको विवरण, लेखापरिक्षण प्रतिवेदन, माईन्युट लगायतका अभिलेखहरु पुनर्गठित समितिलाई हस्तान्तरण गर्नुपर्नेछ। आयोजना सम्पन्न भएपश्चात सो सँग सम्बन्धित सम्पुर्ण कागजात तथा अभिलेख गाउँपालिकालाई उपभोक्ता समितिले बुझाउनु पर्नेछ।

(२९) पारदर्शिता कायम गर्ने गराउने: गाउँपालिकाले उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन वा सञ्चालन गराउदा यस कार्यविधिमा उल्लेख भएका विषयका अतिरिक्त पारदर्शिता कायम गराउन निम्न व्यवस्था पालना गर्नु गराउनु पर्नेछ।

(१) आयोजना कार्यान्वयनको सम्झौता भए पश्चात निर्माण स्थलमा अनुसूची ५ को ढाँचामा आयोजनाको सूचना पाटी निर्माण स्थलमा राखुपर्नेछ।

(२) आयोजनाको सार्वजानिक परिक्षण र सार्वजानिक सुनुवाई गर्नु गराउनु पर्नेछ।

(३) पारदर्शिता कायम गराउने सम्वन्धी अन्य विषय आवश्यक भएमा गाउँपालिकाले आफै निर्धारण गर्न सक्नेछ।

(३०) <u>विवाद समाधानः</u> खरिद सम्झौता कार्यान्वयनका वखत उपभोक्ता समितिले तथा सार्वजानिक निकाय विच कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिद्धारा समाधान गरिनेछ। आपसी सहमतिमा विवाद समाधान हुन नसकेमा गाउँपालिकाको प्रतिनिधिको रोहवरमा कार्यपालिकाले मध्यस्थता गरी निर्णय गर्नेछ। (३१) <u>वातावरण संरक्षणः</u> गाउँपालिका तथा उपभोक्ता समितिले वातावरण सम्बन्धि प्रचलित कानुन बमोजिम आयोजना क्षेत्रमा वातावरण संरक्षण गर्ने काम गर्नु पर्नेछ र आयोजनाको कार्यान्वियनको चरणमा प्रचलित कानुनको विपरित हुने गरी वातावरण नविग्रने शुनिश्चितता गर्नुपर्नेछ।

(३२) <u>समावेसी हुनु पर्नेः</u> सम्पूर्ण प्रक्रियामा समावेशिकरणको अवधारणा पालना गरीनु पर्नेछ।

(३३) <u>कार्यविधि संसोधनः</u> सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली २०६४, तथा प्रचलित संघिय र प्रदेश कानुन विपरित हुने गरी संसोधन गर्न र कुनै पनि दफा वा उपदफा खारेज गर्न सकिने छैन।

(३४) <u>खारेज तथा वचाउः</u> (१) यो कार्यविधि लागु हुनुभन्दा पहिले सम्झौता भई सञ्चालनमा रहेका आयोजनाहरु यसै बमोजिम भएको मानिनेछ।

(२) यो कार्यविधिका कुनैपनि प्रावधानहरु सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली २०६४, तथा प्रचलित संघिय र प्रदेश कानुन संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(३) 'मोलुङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधिः २०७५' यो कार्यविधि लागु भएको मिति बाट स्वत खारेज हुनेछ।

## अनुसूची– १

(कार्यविधिको दफा १५ को उपदफा (३) सँग सम्बन्धीत)

उपभोक्ता समितिले व्यहोर्नु पर्ने लागत सहभागिता (नगद वा श्रमदान वा बस्तुगत)

| क्र.स | आयोजनाको प्रकृती | लागत सहभागिता | कैफियत |
|---|---|---|---|
| १ | भवन, धार्मिक संरचना तथा ऐतिहासिक महत्वका सम्पदा मर्मत तथा निर्माण कार्य | न्यूनतम १०% | |
| २ | लक्षित कार्यक्रम तर्फका आयोजना | न्यूनतम १०% | |
| ३ | झोलुङ्गे पुल निमाण कार्य | न्यूनतम ५% | |
| ४ | सिँचाई तथा खानेपानि सम्बन्धी स्थायी संरचना, नदी नियान्त्रण तथा तटवन्धन सम्बन्धी कार्य | न्यूनतम २०% | |
| ५ | सडक ट्र्याक खोल्ने, मर्मत गर्ने, रिटेनिङ वाल लगाउने, मेसिनरी वाल लगाउने, आर सि सि ढलान, पि सि सि ढलान सम्बन्धी कार्य | न्यूनतम २०% | |
| ६ | सोलिङ गर्ने, ग्याविन जालि भर्ने, विद्युतिकरण तथा स्थानीय लघु जलविद्युत मर्मत गर्ने कार्य | न्यूनतम २०% | |
| ७ | सडक कालो पत्रे गर्ने तथा मोटरेबल पुल निर्माण गर्ने कार्य | न्यूनतम ५% | |

उपभोक्ता समिति वा लाभग्राही मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि २०७९

अनुसूची– २

(कार्यविधिको दफा ९ को उपदफा (१)सँग सम्बन्धीत)

मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा।

## उपभोक्ता समिति दर्ता प्रमाण पत्र

मिति............................

मोलुङ गाउँपालिकाको वडा नं......टोल..................................मा ........................................................................................ कार्य गर्नका लागि मिति ................................ मा सम्बन्धित उपभोक्ताको भेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय भए बमोजिम गठन भएको उपभोक्ता समितिको बैठकको निर्णयबाट समिति दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा मिति ............................. को निर्णय अनुसार ........................................................................ समिति दर्ता गर्ने निर्णय भएकोले यो उपभोक्ता समिति दर्ता प्रमाण पत्र प्रदान गरिएको छ।

उपभोक्ता समिति दर्ता नं. ........................./(आ.ब.)

उपभोक्ता समितिको नामः

उपभोक्ता समिति अध्यक्षको नामः (सम्पर्क नम्बर)

उपभोक्ता समिति सचिवको नामः (सम्पर्क नम्बर)

उपभोक्ता समिति कोषाध्यक्षको नामः (सम्पर्क नम्बर)

..............................

कार्यालय प्रमुखको दस्तखत

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण कार्य गराउने सम्बन्धी कार्यविधी २०७९

# अनुसूची– २

(कार्यविधिको दफा ९ को उपदफा (३) सँग सम्बन्धीत)

## उपभोक्ता समितिको सूचिकरण

कार्यालयको नामः मोलुङ गाउँपालिका

आ.व. ................/............

| क.स | आयोजनाले समेटेको क्षेत्र(पलिका/वडा/वस्ती) | उपभोक्ता समिति | | आयोजनाको नाम | उपभोक्ता समितिका पदाधिकारिहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | गठन मिति | | नाम | ठेगाना | ना.प्र.नं | सम्पर्क नं | |
| १ | | | | | अध्यक्षः<br>सचिवः<br>कोषाध्यक्षः | | | | |
| २ | | | | | अध्यक्षः<br>सचिवः<br>कोषाध्यक्षः | | | | |
| ३ | | | | | अध्यक्षः<br>सचिवः<br>कोषाध्यक्षः | | | | |
| ४ | | | | | अध्यक्षः<br>सचिवः<br>कोषाध्यक्षः | | | | |
| ५ | | | | | अध्यक्षः<br>सचिवः<br>कोषाध्यक्षः | | | | |

.................. तयार गर्ने

.................. जाँच गर्ने

.................. प्रमाणित गर्ने

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य सञ्चालन सम्बन्धी कार्यविधी २०७९

## अनुसूची– ३

(कार्यविधिको दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

### मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.स. ......../........

च.नं.

प्राप्चा, ओखलढुङ्गा।

मितिः

## *आयोजना सम्झौता*

१. सम्झौता गर्ने पक्ष र आयोजनाः

(क) उपभोक्ता समिति/ समुदायमा आधारित संस्था/ गैर सहकारी संस्थाको विवरणः

(१) नामः

(२) ठेगानाः

(ख) आयोजनाको विवरणः

(१) नामः

(२) ठेगाना (आयोजना स्थल)

(३) उद्धेश्यः

(४) आयोजना सुरुहुने मितिः

(ग) आर्थिक कारोवारः

(१) बैंकको नामः

(२) खाता नं.

(२) आयोजनाको लागत सम्बन्धी विवरणः

(क) लागत अनुमानः

(ख) लागत व्यहोर्ने स्रोतः

(१) कार्यालयः

(२) उपभोक्ता समितिः

(ग) वस्तुगत अनुदानको विवरण सामाग्रीको नाम र इकाईः

(१) संघीय सरकारबाट रु

(२) प्रदेश सरकारबाट रु

(३) स्थानीय सरकारबाट रु

(४) गैरसहकारी संघ/ संस्थाबाट रु

(५) विदेशी दातृ संस्थाबाट रु

(६) उपभोक्ता समितिबाट रु

(७) अन्य निकायबाट रु

(३) आयोजनाबाट लाभान्वित हुनेः

(१) घरधुरी संख्या (क) जम्मा जनसंख्या (१) महिलाको संख्या (२) पुरुषको संख्या

(२) संगठित संस्थाः (३) अन्यः

(४) उपभोक्ता समिति/ समुदायमा आधारित संस्था/ गैर सहकारी संस्थाको विवरणः

(क) गठन भएको मितिः

(ख) पदाधिकारिहरुको विवरणः

| क.स. | नम, थर | पद | ठेगाना | नागरिकता नंम्बर | जारी गर्ने जिल्ला | जारि मिति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | सचिव | | | | | |
| ३ | | कोषाध्यक्ष | | | | | |

सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधी २०७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | | सदस्य | | | | | |
| ५ | | सदस्य | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |
| ८ | | सदस्य | | | | | |
| ९ | | सदस्य | | | | | |
| १० | | सदस्य | | | | | |
| ११ | | सदस्य | | | | | |

(ग) जम्मा पदाधिकारी (१) महिला संख्या (२) पुरुष संख्या

(५) अनुगमन समितिका पदाधिकारिहरुः

| क.स. | नम, थर | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | | संयोजक | | |
| २ | | सदस्य | | |
| ३ | | सदस्य | | |
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |

(६) उपभोक्ता समिति/ समुदायमा आधारीत संस्था/ गैर सहकारी संस्थाले प्राप्त गर्ने किस्ताको विवरणः

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण सामाग्रीको विवरण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोस्रो | | | | |
| तेस्रो | | | | |
| जम्मा | | | | |

(७) आयोजना मर्मत सम्भार सम्बन्धि विवरणः

(क) आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति/ संस्थाको नामः (ख) मर्मत सम्भार सम्बन्धि स्रोत (छ, छैन खुलाउने)

(अ) जन श्रमदान (आ) सेवा सुल्क (इ) दस्तुर, चन्दा (ई) अन्य

<u>सम्झौताका सर्तहरु</u>

<u>उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गर्नुपर्ने सर्तहरुः</u>

१. आयोजना मिति............................ देखी शुरु गरी मिति ................................ सम्म पुरा गर्नेछौं।
२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्धेश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं।
३. नगद, जिन्सि सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगती विवरण तयार गरी राख्ने छौं।
४. आम्दानि र खर्चको विवरण कार्यप्रगतिको जानकारी उपभोक्ता समुहमा छलफल गरी अर्को किस्ता माग गर्छौं।
५. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानि लिन सहमत छौं।
६. उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवं निर्देशन अनुरुप काम गर्ने छौं।
७. उपभोक्ता समितिले आयोजना संग सम्बन्धित विल, भरपाईहरु, डोर हाजिरी फारमहरु, जिन्सी नगदि खाताहरु, समिति/समुहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरिक्षण पनि गराउनु पर्ने छ।
८. कुनै सामान खरिद गर्दा अन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनी बाट खरिद गरि सोहि अनुसारको विल, भरपाई आधिकारीक व्यक्ति बाट प्रमाणीत गरी पेश गर्नुपर्नेछ।

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउन सम्बन्धी कार्यविधी २०७८

९. मूल्य अभिवृद्धी कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा विस हजार भन्दा वढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनी बाट खरिद गर्नु पर्नेछ। साथै उक्त विलमा उल्लेखित मूल्य अभिवृद्धी कर वाहेकको रकममा १.५ प्रितशत अग्रीम आयकर वापतको रकम कट्टा गरि बाँकी रकम मात्र सम्बन्धित सेवाग्राहीलाई भुक्तानि हुनेछ।रु २०००० भन्दा कम मूल्यको सामग्री खरीदमा पान नं. लिएको व्यक्ति वा फर्मबाट खरीद गर्नु पर्नेछ।अन्यथा खरिद गर्ने पदाधिकारि स्वयम जिम्मेवार हुनेछ।

१०. डोजर, रोलर, स्काभेटर, जे.सी. वी. जस्ता मेसिनरी सामान ढुवानी र घर वहालमा लिई सो को विल भरपाई पेश भएको अवस्थामा दश प्रतीशत बहाल कर कट्टा गरि बाँकी रहन आउने रकम मात्र भुक्तानी दिनेछौं।

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवं सहभागिले पाउने भत्तामा प्रचलित नियम अनुसार कर लाग्नेछ।

१२. निर्माण कार्यको हकमा सुरुलागत अनुमानका कुनै आईटमहरुमा कुनै परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्रः कार्य गराउनु पर्नेछ। यसरि लागत अनुमान संसोधन नगरि कार्य गरेमा उपभोक्ता समिति/समुह स्वयम जिम्मेवार हुनेछ।

१३. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछी बाँकी रहन गएको खप्ने सामानहरु मर्मत सम्भार समिति गठन गरी उक्त समितिलाई बुझाएको सामानको एक प्रती सम्बन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ।

१४. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछी अन्तिम भुक्तानिको लागि कार्य सम्पन्न प्रतीवेदन, नापि किताव, प्रमाणित बिल, भरपाई, आयोजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन दर्ता भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजानिक लेखापरीक्षणको निर्णयको प्रतीलिपी तथा सम्बन्धित वडा कार्यालयको सिफारीस सहित अन्तिम किस्ता भुक्तानिको लागि निवेदन पेश गर्नु पर्नेछ।

१५. आयोजना सम्पन्न भएपछी कार्यालयबाट जाँचपास गराई फरफारक सम्बन्धि प्रमाण पत्र लिनु पर्नेछ।साथै आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धीत उपभोक्ता समितिले नै गर्नु पर्नेछ।

१६. आयोजना कार्यान्वयन गर्ने समुह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतीवेदन अनुसूची ५ को ढाँचामा सम्झौतामा तोकिय बमोजिम कार्यालयमा पेश गर्नुपर्ने।

१७. आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्नु पर्नेछ।

१८. आयोजनाको सवै काम उपभोक्ता समिति/समुहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ।

कार्यालयको जिम्मेवारी तथा पालना गर्नुपर्ने शर्तहरु

१. आयोजनाको वजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखाङ्कन, प्रतीवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारिहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउन सकिने अवस्थामा उपलब्ध गराईनेछ र नसकिने अवश्था भएमा उपभोक्ता समितिले बाह्यबजार बाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ।

३. आयोजनाको प्राविधिक सुपरिवेक्षणको लागि कर्यालयको तर्फबाट प्राविधिक खटाइनेछ। उपभोक्ता समितिबाट भएको कामको नियन्त्रण सुपरीवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ।

४. पेश्कि लिएर लामो समय सम्म आयोजना सञ्चालन नगर्ने उपभोक्ता समितिलाई कार्यालयले नियम अनुसार करवाहि गर्नेछ।

५. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृती गराई सोही बमोजिम सम्झौता गरी मेसिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समिति सँग सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तान गरिएको रकम मुल्याङ्कन गरि बढिभएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

६. आयोजना सम्पन्न भएपछी कार्यालय बाट जाँचपास गरि फरफारक गर्नुपर्नेछ।

७. आवश्यक कागजात संलग्न गरि भुक्तान उपलब्ध गराउन सम्बन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएपछी उपभोक्ता समितिको बैंक खाता मार्फत भुक्तानी दिईनेछ।

८. यसमा उल्लेख नभएको कुरा प्रचलीत कानुन बमोजिम कार्यान्वयन गरिनेछ।

| उपभोक्ता समिति अध्यक्ष/सचिव | योजना तथा अनुगमन शाखा | कार्यालयको तर्फबाट |
|---|---|---|
| हस्ताक्षरः.......................... | हस्ताक्षरः.......................... | हस्ताक्षरः.......................... |
| नामः.......................... | नामः.......................... | नामः.......................... |
| पदः.......................... | पदः.......................... | पदः.......................... |
| ठेगानाः.......................... | ठेगानाः.......................... | ठेगानाः.......................... |
| सम्पर्क नं.......................... | सम्पर्क नं.......................... | सम्पर्क नं.......................... |
| मितिः | मितिः | मितिः |
| छापः | | छापः |

# कवुलियतनामा

लिखितम् ओखलढुङ्गा जिल्ला मोलुङ गाउँपालिका वडा नं. ...... वस्ने श्री .................................... नातिनी/नाती/बुहारी ....................................... को छोरी/छोरा/श्रीमती म .................................... आगे मोलुङ गाउँपालिका वडा नं. ...... को चालु आ. ब. ..................... को स्विकृत वार्षिक कार्यक्रम अंनुसार यस वडामा सञ्चालन गरिने ............................................................................................................................................................... ......................................................................आयोजना/कार्यक्रमको लागि गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम रु...........................................मध्ये हाल पहिलो/दोस्रो/तेस्रो किस्ता वापतको रकम रु.............................आजको मितिमा बुझिलिई यो कवुलियतनामाको कागज गरिदिएकोछु। उक्त रकम तोकिएको आयोजना/कार्यक्रममा खर्च गरी सम्झौताको म्यादभित्रै पेश्कि फछ्यौंट गरि फरफारक गराउनेछु। यदि सम्झौतामा उल्लेखित मिति भित्र उक्त कार्यक्रम सम्पन्न नगराई आलटाल गरे वा रकम हिनामिना गरेमा प्रचलित कानुन बमोजिम कारबाही गरी मेरो घर घरनाबाट असुल उपर गरि लिएमा मेरो मञ्जुर छ भनि यो कवुलियतनामाको कागज सहिछाप गरि दिएँ।

इति सम्वत्.........................साल.............महिना.....................गते रोज .............शुभम्।

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि २०७९

## अनुसूची ४

(कार्यविधिको दफा २१ सँग सम्बन्धित)

# सार्वजनिक परिक्षण फारम

पेश गरेको कार्यालयः

१)आयोजनाको नामः

क) स्थलः

ख) लागत अनुमानः

ग) आयोजना सुरु हुने मितिः

घ) आयोजना सम्पन्न हुने मितिः

२) उपभोक्ता समिति/सामुदायीक संस्थाको नामः

क) अध्यक्षको नामः

ख) सदस्य संख्याः महिलाः पुरुषः

३) आम्दानी खर्चको विवरणः

क) आम्दानी तर्फ जम्माः

| क.स. | आम्दानीको स्रोत | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

ख) खर्चतर्फः

| खर्चको विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १.सामाग्री (के के खरीद भयो ?) | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| २.ज्याला (केमा कती भुक्तानी भयो ?) | | | | |
| १) दक्ष | | | | |
| २) अदक्ष | | | | |
| ३.श्रमदान (कती जनाले श्रमदान गरे) | | | | |
| १) दक्ष | | | | |
| २) अदक्ष | | | | |
| ४.व्यवस्थापन खर्च(ढुवानी तथा अन्य खर्च) | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ग) मौज्दातः

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| बैंक | | |
| व्यात्तीको जिम्मा | | |
| २.सामाग्रीहरु | | |

घ) भुक्तानी दिन बाँकीः

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

४)सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगती विवरणः

| कामको विवरण | लक्ष्य | प्रगती |
|---|---|---|
| | | |

५)आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वितः

क) आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरुकोः घरधुरी.........................जनसंख्या............................

ख) आयोजना सञ्चालन भएको स्थान भन्दा वाहिरका उपभोक्ताहरुकोः घरधुरी..................जनसंख्या.................

६)सार्वजानिक परिक्षणमा उपस्थित सरोकारवाला निकायका प्रमुख वा प्रतिनिधिहरुः

१)
२)
३)
४)
५)
६)
७)
८)
९)

७) रोहवरः

नाम,थरः पदः मितिः

<u>द्रष्टव्यः</u> सार्वजानिक परिक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारीहरु र अन्य सरोकार वालाहरुको उपस्थिती अनिवार्यरुपमा हुनु पर्नेछ।

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि २०७९

अनुसूची-५

(कार्यविधिको दफा २४ सँग सम्वन्धित)

# मोलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा,ओखलढुङ्गा।

## उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रतिवेदन

१) आयोजनाको विवरणः

आयोजनाको नामः वडाः टोल/वस्तीः

उपभोक्ता समितिको अध्यक्षः सचिवः

२) आयोजनाको लागतः

प्राप्त अनुदान रकमः जनश्रमदान रकमः जम्मा रकमः

३) हाल सम्मको खर्च रुः

क) कार्यालयबाट प्राप्त रकम रुः

१) निर्माण सामाग्री(सिमेन्ट,रड,काठ,ढुङ्गा,गिटी, वालुवा आदि। )रुः

२) ज्यालाः दक्षः अदक्षः जम्मा रुः

३) अन्य खर्च रुः

ख) जन सहभागिताबाट व्यहोरिएको खर्च रु...............................................श्रमको मुल्य बराबरको रकम दक्ष रु.......................................अदक्ष रु.......................................

जिन्सी सामान मुल्य बराबर रकम रु.............................................कुल जम्मा रु.............................................

४) प्राविधिक प्रतिवेदन बमोजिम मूल्याङ्कन रकम रुः

५) उपभोक्ता समितिको निर्णय बमोजिम समिक्षाबाट खर्च देखीएको रकम रु

६) आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरुः

१)
२)
३)

७) समाधानका उपायहरुः

१)
२)
३)

८) कार्यालय र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

१)
२)

९) हाल माग गरेको किस्ता रकम रुः

१०) मुख्य खर्च प्रयोजनः

११) प्राप्त रकम आयोजना बाहेक अन्य काममा खर्च गर्ने/गराउने छैनौं।

| ......................... | ......................... | ............................. | ......................... |
|---|---|---|---|
| तयार गर्ने | कोषाध्यक्ष | सचिव | अध्यक्ष |

उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि २०७५

## अनुसूची-६

(कार्यविधिको दफा २९(१) संग सम्वन्धित)

# सुचना पाटी

१. आयोजनाको नामः

२. आयोजना स्थलः

३. उपभोक्ता समितिका पदाधिकारिहरुको नाम र पदः

अध्यक्षः

उपाध्यक्षः

सचिवः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

४. आयोजनाको कुल लागत रकम रुः

४.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रुः

४.२. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रुः

४.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रुः

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न गर्ने मितिः

७. आयोजनाबाट लाभान्वित जनसंख्याः

उपभोक्ता समिति र लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधी २०७९